प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- ५१ मिति :- वि.सं. २०८२/०४/२०

विषयः छात्रवृत्तिमा स्नातक तह अध्ययनका लागि आवेदन पेश गर्ने सूचना ।

श्री विज्ञान विषयको धारमा कक्षा १२ वा A-level वा सो सरह उत्तीर्ण गरेका विद्यार्थीहरू (सबै)
कोशी प्रदेश, विराटनगर ।

काठमाडौं विश्वविद्यालय रजिष्ट्रार कार्यालयको प.सं. ३०/१४६४/२०८१/२०८२, मिति २०८२/०३/२६ को यस मन्त्रालयमा प्राप्त पत्रानुसार उक्त विश्वविद्यालयमा स्नातक तहमा B.E. in Mining Engineering, B.E. in Chemical Engineering, B.E. in Environmental Engineering, Bachelor in Health Informatics, B.Sc. in Environmental Science र B.Sc. in Agriculture कार्यक्रममा शिक्षण शुल्क (tuition fee) मा १००% छात्रवृत्ति उपलब्ध गराउन प्रत्येक कार्यक्रममा १/१ जना मेधावी विद्यार्थीको नाम सिफारिस गरिदिन माग भएको हुँदा उल्लिखित कार्यक्रममा शिक्षण शुल्क बाहेक लाग्ने अन्य शुल्क ब्यहोर्न सक्षम र इच्छुक **विज्ञान विषयको** धारमा **कक्षा १२ वा A-level वा सो सरहमा** न्यूनतम ५० प्रतिशत वा २.० C/GPA उपलब्धि हासिल गरेका यस प्रदेशमा स्थायी बसोबास भएका विद्यार्थीहरूले तपसिल बमोजिमका कागजातहरू स्पष्टसँग देखिने गरी स्क्यान (scan) गरी एउटै पिडिएफ फायल (PDF file) बनाई मिति २०८२/०५/०३ गते मङ्गलबार रातको १२:०० बजेभित्र प्राप्त हुनेगरी मन्त्रालयको **E-mail** ठेगाना **mosdkoshihighereducation@gmail.com** मा निवेदन पठाउनु हुन निर्देशन अनुसार यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक निवेदन दिनेमध्ये कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गरेका देहायको **छनौट तथा सिफारिसको मापदण्डको** आधारमा उम्मेदवार सिफारिस गरिने छ । पुनश्चः काठमाडौं विश्वविद्यालयको सम्बन्धित कार्यक्रम/विषयको शुल्क संरचना तथा पत्र समेत यसै सूचनासँग संलग्न रहेको छ ।

महाशाखा प्रमुख

न्युनतम योग्यता :



about:blank 1/3

१. B.E. in Mining Engineering, B.E. in Chemical Engineering र B.E. in Environmental Engineering का लागि विज्ञान धारमा कक्षा १२ वा A-level वा सो सरहमा गणित विषय लिएर अध्ययन गरी उपाधी हासिल गरेको ।
२. Bachelor in Health Informatics, B.Sc. in Environmental Science र B.Sc. in Agriculture का लागि विज्ञान धारमा कक्षा १२ वा A level वा सो सरह अध्ययन गरी उपाधी हासिल गरेको ।

<u>पेस गर्नुपर्ने कागजातहरू</u> :

१. यसै पत्रका साथ संलग्न ढाँचाको निवेदनमा सबै विवरण खुलेको निवेदन ।
२. कक्षा १० (SEE) उत्तीर्ण गरेको ग्रेडसिट/सर्टिफिकेट (यस सूचनाको म्यादभित्र कक्षा १२ को परीक्षाफल प्रकाशन भएमा कक्षा १२ को ग्रेडसिट समेत) ।
३. नेपाली नागरिकताको प्रमाणपत्र (दुबै भाग) ।
४. स्थायी बसोबास भएको स्थानीय तहको वडाबाट स्थायी बसोबास भएको सिफारिस पत्र ।
५. अपाङ्गता भएका व्यक्तिको हकमा सम्वन्धित निकायबाट जारी गरिएको परिचयपत्र/ प्रमाणपत्र ।
६. मधेसी, दलित, आदिबासी, जनजातिको हकमा सम्बन्धित निकायबाट व्यहोरा प्रमाणित गरेको कागजात तर ऐन कानुनमा नै सूचीकृत भएको व्यक्तिको हकमा उक्त ऐन कानुनको सूचीकृत जाति भएको पानाको प्रमाणित प्रतिलिपि पेस गर्न सकिने ।

<u>नोट</u> :

१. माग गरिएका उल्लिखित कागजातहरू एउटै पिडिएफ फायल (PDF file) बनाई एकपटक मात्र निवेदन पठाउनु पर्ने छ, निवेदन प्राप्त भएको जानकारी इमेल मार्फत दिइनेछ ।
२. छनौट भएका विद्यार्थीलाई छनौट भएको विषय अनुसार विश्वविद्यालयले निर्धारण गरेको शुल्कहरूमध्ये शिक्षण शुल्कको रकममात्र छात्रवृत्ति प्राप्त हुने र नियमानुसार अन्य शुल्क (भर्ना, रजिस्ट्रेसन, विकास, सुरक्षा शुल्क, स्वास्थ्य बिमा शुल्क लगायतका शुल्क) सम्बन्धित विद्यार्थी स्वयंले व्यहोर्नु पर्ने ।

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल

**छनौट तथा सिफारिसको मापदण्ड :**

मन्त्रालयले विद्यार्थी छनौट तथा सिफारिस गर्दा कक्षा १२ को नतिजाको आधारमा सबैभन्दा बढी GPA प्राप्त गर्ने विद्यार्थीलाई सिफारिस गर्नेछ । यदि GPA बराबर भएमा देहायको क्रममा टाइब्रेक (tie-break) गरी सिफारिस गर्ने छ ।

१. सामुदायिक विद्यालय

२. SEE को GPA

३. अपाङ्गता

४. दलित

५. महिला

६. आदिवासी/जनजाति

७. मधेशी ।

..............................

(दामोदर फुयल)

वरिष्ठ उपसचिव

महाशाखा प्रमुख

फोन नं. ०२१-५३६१८४ वेबसाइटः-www.mosd.koshi.gov.np ईमेलः- mosd@koshi.gov.np

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

# शिक्षण शुल्क छात्रवृत्तिका लागि दिइने निवेदन

(यस ढाँचामा ........ ले सङ्केत गरिएका खाली ठाँउमा सबै विवरण स्पष्ट देखिने गरी भर्नुपर्नेछ )

मिति :- २०८२/...../..... गते

श्रीमान् सचिवज्यू,
सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर ।

विषय :- **शिक्षण शुल्क छात्रवृत्तिका लागि सिफारिस गरिपाउँ बारे** ।

प्रस्तुत विषयमा काठमाडौं विश्वविद्यालयमा स्नातक तहको इन्जिनिरिङ र विज्ञान विषयको २०८२/०८३ को शिक्षण शुल्क (tuition fee) छात्रवृत्तिमा अध्ययन गर्नका लागि इच्छुक भएकाले तपसिलका विवरण सहित यो निवेदन पेश गरेको छु ।

नाम :- देवनागरी (नेपाली) मा :- ................................ रोमन (अङ्ग्रेजी) मा :- ..................................

सम्पर्क मोबाइल नं. :- ...................... इमेल : ..............................

दलित/जनजाति/अन्य :- ............ लिङ्ग :- ....... अपाङ्गताको किसिम (भएमा) :- ..................

एकिकृत शैक्षिक सूचना प्रणालीमा विद्यार्थीको IEMIS No. :- .........................................

**स्थायी ठेगाना :-** जिल्ला :- ................. स्थानीय तह :- .......................................... वडा नं. :- ....

**अस्थायी ठेगाना :-** जिल्ला :- ................. स्थानीय तह :- .......................................... वडा नं. :- ....

बाबुको नाम :- .............................................. आमाको नाम :- .............................................

अभिभावकको नाम :- ................................................. सम्पर्क मोबाइल नं. :- .........................

राष्ट्रिय परिचय पत्र (National ID) नम्बर :- ........................

उत्तीर्ण गरेको कक्षा तहको GPA/ CGPA र उत्तीर्ण वर्ष

| विवरण | कक्षा १० | कक्षा १२ |
|---|---|---|
| GPA/CGPA | ……….. | ……….. |
| उत्तीर्ण गरेको वर्ष | ……….. | ……….. |

अध्ययन गर्न चाहेको कार्यक्रमको प्राथमिकताक्रम

| क्र.सं. | विषय | प्राथमिकता | स्पष्टीकरण |
|---|---|---|---|
| १. | B.E. in Mining Engineering | ….. | बायाँको तालिकाको प्राथमिकता महल (column) भर्दा आफूले अध्ययन गर्न चाहेको पहिलो प्राथमिकता लाई १, दोस्रोलाई २, तेस्रोलाई ३, चौथो ४, पाँचौंलाई ५ र छैठौंलाई ६ अङ्कले जनाई प्राथमिकीकरण गर्नु पर्नेछ । अध्ययन गर्न नचाहेको कार्यक्रमको सम्बन्धित कोठामा कट्टा चिन्ह (X) ले जनाउनु पर्नेछ । |
| २. | B.E. in Chemical Engineering | ….. | |
| ३. | B.E.in Environmental Engineering | ….. | |
| ४. | Bachelor in Health Informatics | ….. | |
| ५. | B.Sc. in Environmental Science | ….. | |
| ६. | B.Sc. in Agriculture | ….. | |

माथि उल्लेख गरेका सबै विवरणहरू सही साँचो भरेको छु । उक्त विवरणहरू सत्य छन् । शिक्षण शुल्क छात्रवृतिमा अध्ययन गर्ने अवसर प्राप्त भएमा विश्वविद्यालयको नियमानुसार अनुशासित भई अध्ययन कार्य पूरा गर्ने छु । अध्ययनको प्रगति विवरण समय समयमा यस मन्त्रालयमा पेश गर्ने छु । अध्ययन पश्चात राष्ट्रको समग्र विकासमा योगदान गर्ने छु ।

| विद्यार्थीको हस्ताक्षर/दस्तखत | विद्यार्थीको औंठा छाप | |
|---|---|---|
| | दायाँ | बायाँ |
| ........................ | | |

# KATHMANDU UNIVERSITY
## SCHOOL OF ENGINEERING/SCHOOL OF SCIENCE
### Undergraduate Level - Mining Eng./Chemical Eng./Environmental Eng./Health Informatics
### Fee Structure
### Batch 2025 - 2029

**A. One Time Payment**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Admission | 50,000 | | | | | | | | 50,000 |
| Registration | 30,000 | | | | | | | | 30,000 |
| Development | 50,000 | | | | | | | | 50,000 |
| **Total** | **130,000** | | | | | | | | **130,000** |

| B. Semester | 1st Year | | 2nd Year | | 3rd Year | | 4th Year | | Sub Total |
|---|---|---|---|---|---|---|---|---|---|
| | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | |
| Tuition Fee | 100,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 590,000 |
| Other Fee | 30,000 | 30,000 | 30,000 | 30,000 | 30,000 | 30,000 | 30,000 | 30,000 | 240,000 |
| **Grand Total (Per Semester)** | **260,000** | **100,000** | **100,000** | **100,000** | **100,000** | **100,000** | **100,000** | **100,000** | **960,000** |
| Total Per Year | | 360,000 | | 200,000 | | 200,000 | | 200,000 | 960,000 |
| | | | | | | | | | |
| 1st Inst. (Tuition + Fees) | 210,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 560,000 |
| 2nd Inst. (Tuition) | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 50,000 | 400,000 |

***Note: Addition Caution Money Rs. 10,000 during admission and medical insurance fee per year is Rs. 1,000.***

**At the Time of Admission**

| | | |
|---|---|---|
| Admission | 50,000 | |
| Registration | 30,000 | |
| Development | 50,000 | |
| Other Fees | 30,000 | |
| Tuition Fee | 50,000 | |
| **Sub Total** | **210,000** | |
| **Add;** | | |
| Caution Money | 10,000 | |
| Medical Insurance | 1,000 | (Per Year) |
| Council Fee | 1,000 | (For Engineering Students Only) |
| **Total** | **222,000** | |

**KATHMANDU UNIVERSITY**
**SCHOOL OF SCIENCE**
**Undergraduate Level**
**Fee Structure**
**Batch 2025 - 2029**

**B.Sc. In Environmental Science/Environmental Studies**

**A. One Time Payment**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Admission | 50,000 | | | | | | | | 50,000 |
| Registration | 30,000 | | | | | | | | 30,000 |
| Development | 50,000 | | | | | | | | 50,000 |
| **Total** | **130,000** | | | | | | | | **130,000** |

| **B. Semester** | **1st Year** | | **2nd Year** | | **3rd Year** | | **4th Year** | | **Sub Total** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **1st** | **2nd** | **3rd** | **4th** | **5th** | **6th** | **7th** | **8th** | |
| Tuition Fee | 94,000 | 68,000 | 68,000 | 68,000 | 68,000 | 68,000 | 68,000 | 68,000 | 570,000 |
| Other Fee | 28,000 | 28,000 | 28,000 | 28,000 | 28,000 | 28,000 | 28,000 | 28,000 | 224,000 |
| **Grand Total (Per Semest** | **252,000** | **96,000** | **96,000** | **96,000** | **96,000** | **96,000** | **96,000** | **96,000** | **924,000** |
| | | | | | | | | | |
| 1st Inst. (Tuition + Fees) | 204,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 540,000 |
| 2nd Inst. (Tuition) | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 48,000 | 384,000 |

***Note: Addition Caution Money Rs. 10,000 during admission and medical Insurance fee per year is Rs. 1,000.***

**At the Time of Admission**

| | | |
|---|---|---|
| Admission | 50,000 | |
| Registration | 30,000 | |
| Development | 50,000 | |
| Other Fees | 28,000 | |
| Tuition Fee | 46,000 | |
| **Sub Total** | **204,000** | |
| **Add;** | | |
| Caution Money | 10,000 | |
| Medical Insurance | 1,000 | (Per Year) |
| **Total** | **215,000** | |

# KATHMANDU UNIVERSITY
## SCHOOL OF SCIENCE
### Undergraduate Level
### B. Sc. In Agriculture
### Fee Structure
### Batch 2025 - 2029

**A. One Time Payment**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Admission | 55,000.00 | | | | | | | | 55,000.00 |
| Registration | 30,000.00 | | | | | | | | 30,000.00 |
| Development | 50,000.00 | | | | | | | | 50,000.00 |
| **Total** | **135,000.00** | | | | | | | | **135,000.00** |
| **B.Semester** | **1st Year** | | **2nd Year** | | **3rd Year** | | **4th Year** | | **Sub Total** |
| | **1st** | **2nd** | **3rd** | **4th** | **5th** | **6th** | **7th** | **8th** | |
| Tuition Fee | 106,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 70,000 | 596,000 |
| Other Fee | 32,000 | 32,000 | 32,000 | 32,000 | 32,000 | 32,000 | 32,000 | 32,000 | 256,000 |
| **Grand Total** | **138,000** | **102,000** | **102,000** | **102,000** | **102,000** | **102,000** | **102,000** | **102,000** | **852,000** |
| **Per Year** | | **375,000** | | **204,000** | | **204,000** | | **204,000** | **987,000** |
| | | | | | | | | | |
| 1st Inst. ( Tuition + Fees ) | 222,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 579,000 |
| 2nd Inst. ( Tuition ) | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 51,000 | 408,000 |

**At the Time of Admission**

| | | |
|---|---|---|
| Admission | 55,000.00 | |
| Registration | 30,000.00 | |
| Development | 50,000.00 | |
| Other Fees | 32,000.00 | |
| Tuition Fee | 55,000.00 | |
| **Sub Total** | **222,000.00** | |
| **Add;** | | |
| Caution Money | 10,000.00 | |
| Medical Insurance(Per Year | 1,000.00 | (Per Year) |
| **Total** | **233,000.00** | |

# काठमाडौं विश्वविद्यालय
रजिष्ट्रारको कार्यालय

प.सं.३०/१४६४/२०८१/०८२

मिति : २०८२/०३/२६

माननीय मन्त्रीज्यू,
सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, नेपाल ।

विषय : स्नातक तहमा छात्रवृत्तिका लागि विद्यार्थीहरू सिफारिस गरिदिन अनुरोध ।

महोदय,

काठमाडौं विश्वविद्यालय सन् १९९१ मा स्थापना भएको नेपालको अग्रणी स्वायत्त र गैह्र-नाफामुखी उच्चशिक्षा प्रदान गर्ने संस्था हो । यस विश्वविद्यालयले गुणस्तरीय, नवप्रवर्तनमुखी र अनुसन्धानमा आधारित शिक्षा सातवटा स्कुलमार्फत सञ्चालन गर्दै आएको छ । विश्वविद्यालयलको स्कुल अफ इन्जिनियरिङ र स्कुल अफ साइन्समा २०८२-८३ का शैक्षिक कार्यक्रमहरूमा भर्ना प्रारम्भ भइसकेको पनि जानकारी गराउँदछौं । यस विश्वविद्यालयले सामाजिक विकास मन्त्रालयमार्फत प्रदेश स्तरमा कक्षा १२ मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरूलाई शिक्षण शुल्कमा १००% छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेको छ । यस छात्रवृत्ति कार्यक्रममार्फत प्रदेशका मेधावी विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षामा पहुँच सहज बनाउन सकिने विश्वास लिएका छौं । उक्त छात्रवृत्ति सामाजिक विकास मन्त्रालयको सिफारिसमा प्रदान गरिनेछ, साथै छात्रवृत्तिका लागि निम्न कार्यक्रमहरू निर्धारण गरिएको छ ।

1. B.E. in Mining Engineering
2. B.E. in Chemical Engineering
3. B.E. in Environmental Engineering
4. Bachelor in Health Informatics
5. B.Sc. in Environmental Science
6. B.Sc. in Agriculture

माथि उल्लिखित प्रत्येक कार्यक्रममा छात्रवृत्तिका लागि एक-एकजना विद्यार्थी सिफारिस गरिदिनहुन हार्दिक अनुरोध गर्दछौं । छात्रवृत्तिका लागि योग्य विद्यार्थीहरूले आवश्यक प्रमाणहरू सहित आवेदन दिनुपर्नेछ । आवेदन दिने विद्यार्थीहरूको नाम, शैक्षिक प्रमाणपत्रहरू, प्राप्ताङ्क विवरणहरू, विषयगत प्राथमिकता, सम्पर्क लगायतका विवरण तथा आवश्यक कागजातहरू यस विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङको इमेल soe_office@ku.edu.np मा २०८२ साउन १६ गतेभित्र उपलब्ध गराई आवश्यक सहयोग तथा समन्वयका लागि हार्दिक अनुरोध गर्दछौं ।

प्रा. डा. राजीव श्रेष्ठ
रजिस्ट्रार

बोधार्थ :

- श्री उपकुलपतिको कार्यालय, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री डिनको कार्यालय, स्कुल अफ इन्जिनियरिङ, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री डिनको कार्यालय, स्कुल अफ साइन्स, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।
- श्री भर्ना, समकक्षता, छात्रवृत्ति तथा पूर्वछात्र निर्देशनालय, काठमाडौं विश्वविद्यालय, धुलिखेल ।

धुलिखेल, काभ्रे, नेपाल । +९७७-११-४१५००१, ४१५१००, ४१५२०० । फ्याक्स +९७७-११-४१५०११
registrar@ku.edu.np | info@ku.edu.np | www.ku.edu.np | पो.ब.नं. ६२५०, काठमाडौं